# हरिपुर नगरपालिका
# राजपत्र

## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

### हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ६ अंक २० २०८२ अषाढ १ गते, आईतबार

यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिमको ऐन प्रकाशन गरिएको छ ।

हरिपुर नगरपालिका

## हरिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न वाञ्छनीय भएकाले हरिपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम हरिपुर नगरपालिकाको नगर कार्यपालिकाले यो हरिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्यविधि, २०८२ स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम हरिपुर नगरपालिका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले हरिपुर नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ख) "नगरकार्यपालिका" भन्नाले हरिपुर नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले हरिपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले हरिपुर नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ङ) "बडा" भन्नाले हरिपुर सबै वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

(च) "प्रमुख" भन्नाले हरिपुर नगर प्रमुख सम्झनु पर्दछ ।

(छ) "उपप्रमुख" भन्नाले हरिपुर उपप्रमुख सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले हरिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ञ) "करारका कर्मचारी" भन्नाले हरिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने गरी स्वीकृत दरवन्दीमा रहेका करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) नगरपालिका भित्र वडा कार्यालय र यस मातहत रहेका हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको जिम्मेवारी रहने छ ।

(२) नगरकार्यपालिकाको कार्यालयले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी नगरसभाबाट बिनियोजित गराउनु पर्नेछ ।

(३) हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा नगरपालिकाको कार्यालय मातहत रहेका वडा कार्यालय तथा कार्यरत करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात स्वतःलागु हुनेछ।कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य हरिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयले गर्नुपर्ने छ ।

(४) हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय को मिति २०८२/०१/०१ गते राजपत्रमा प्रकाशित सूचना अनुसार निज कर्मचारीले खाईपाई आएको तलबको ६०% लाई आधारभुत तलब मानी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट आधारभुत तलबको ११ प्रतिशत र रोजगारदाताको तर्फबाट आधारभुत तलबको २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

**४. समिति गठनः**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत-संयोजक

(ख) आर्थिक प्रशासन शाखा- सदस्य

(ग) रोजगार संयोजक-सदस्य

(घ) प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गतको कार्यालयमा मिति २०८२/०३/३२ गते सम्म निरन्तर ३ वर्ष वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करारका कर्मचारीहरुलाई २०८२ श्रावण महिना देखि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत गर्नका लागि संख्याको एकिन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

(ग) अनलाईन माध्यमबाट नगरकार्यपालिकाको कार्यालयलाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्यगर्ने ।

**५. थपघट, हेरफेर वा संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. बाधा अड्काउ फुकाउ :** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**७. खारेजी तथा बचाउः** यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछन ।

प्रमाणिकरण मितिः२०८२/०२/३०